स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता सौगात मल्ल र अभिनेत्री सृष्टि श्रेष्ठको ब्रेक अप भैसकेको छ । प्रेममा ब्रेकअप भएपनि यी दुवै फिल्ममा भने निरन्तर देखिँदै आएका छन् । हाले फिल्म 'भाइरल गोर्खे' एकसाथ काम गरेका सौगात र सृष्टि अर्को निर्माणाधीन फिल्म 'विनोद' मा पनि एकसाथ देखिने भएका छन् । आगामी मङ्सिरमा छायाँन हुने फिल्ममा प्रकाश घिमिरे, प्रवीण खतिवडा, दिव्य देव लगायतको समेत अभिनय रहने छ ।

**आजको विचार...**



विचारका... (दुई पेजमा)

जगन्नाथ पन्त



बलिउड अभिनेता अजय देवगनको आगामी फिल्म 'सिंघम ३' मा सलमान खानले क्यामियो भूमिका खेल्ने चर्चा थियो । फिल्म 'दबंग'मा सलमानले निर्वाचह गरेको चुलबुल पाण्डे पात्र सो फिल्ममा देखिने बताइएको थियो । यस फिल्ममा साउद स्टार अभिनेता प्रभासको नामबारे पनि चर्चा सुनिएको थियो । फल्ममा प्रभास देखिने नदेखिने पूरै स्पष्ट भइसकेको छैन । तर ई-टाइम्समा छापिएको खबरका अनुसार सलमान यस फिल्मको हिस्सा हुनेछैन । 'सिंघम ३' मल्टिस्टार फिल्म हो ।

❐ वर्ष ३० ❐ अंक ६९ ❐ २०८१ असोज ७ गते सोमबार 23 September 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## निर्देशनको कसीमा लुम्बिनी प्रदेशका कर्मचारी

**हाम्रा संवाददाता**

**दाङ,** असोज ६/कर्मचारीले सेवाग्राहीलाई प्रभावकारी ढंगले सेवा प्रवाह नगर्दा सरकारप्रति आलोचन बढ्दै गएपछि लुम्बिनी प्रदेश सरकारले कर्मचारीलाई कडा निर्देशन जारी गरेको छ । प्रदेश सरकारका मन्त्रीहरुलाई आचारसंहिताको कसीमा राखेको प्रदेश सरकारले कर्मचारीलाई समेत सेवा प्रभाव चुस्त र प्रभावकारी बनाउन १४ बुँदे निर्देशन जारी गरेको हो ।

मुख्यमन्त्री चेतनारायण आचार्यले आर्थिक अनुशासन र मितव्ययिता कायम गर्न कर्मचारी तहमा उक्त निर्देशन जारी गरेका हुन् । उनले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट तयार भएको निर्देशन स्वीकृत गरी निर्देशन जारी गरेका छन् । मुख्यमन्त्री आचार्यले आर्थिक अनुशासन र मितव्ययिता कायम गर्दै सेवा प्रवाहलाई चुस्त बनाउन कर्मचारीलाई निर्देशनको कसीमा राखेका हुन् । निर्देशनमा सेवाग्राही मैत्री सेवालाई प्राथमिकतामा राखिएको छ । प्रत्येक मन्त्रालयले अनिवार्य रुपमा ई-हाजिरीको प्रबन्ध मिलाउने, ई-हाजिरीलाई एकीकृत कार्यालय व्यवस्थापन प्रणालीसँग अनिवार्य आबद्ध गर्ने उल्लेख छ । कर्मचारीको बिदा, काज तथा भ्रमण स्वीकृत गर्दा कार्यसम्पादन सेवा प्रवाहमा




असर नपर्ने सुनिश्चित गरेर मात्रै गर्ने, बिदा, काज तथा भ्रमण स्वीकृति अनिवार्य रुपमा जिआइओएमएस प्रणालीमार्फत गर्ने, कार्यालयमा अनावश्यक मौज्दात नरहने गरी एवं आवश्यकता र औचित्यका आधारमा मात्र जिन्सी सामान खरिद गर्ने निर्देशनमा उल्लेख छ । ५० लाख वा सो भन्दा माथिका आयोजना कार्यक्रमको हकमा कार्यतालिका कार्ययोजना अनुसार कार्यसम्पादन भए नभएको मासिक रुपमा अनुगमन गरी प्रतिवेदन लिने एवं अद्यावधिक गर्ने उल्लेख छ । यस्तै प्रचलित कानुनबमोजिम प्रवक्ता एवं सूचना अधिकारीको फोटोसहितको विवरण सहजै देख्न सकिनेगरी अनिवार्य रूपमा कार्यालयमा राख्ने साथै उक्त विवरण वेबसाइटमा समेत अद्यावधिक गर्ने, सूचनाको हकसम्बन्धी कानुनबमोजिम स्वत: प्रकाशनलाई सबै निकायले अनिवार्य रूपमा समयमा नै वेबसाइटमार्फत प्रकाशन गर्ने, मन्त्रालयले मातहत निकायहरूको गुनासो सुनुवाइको अवस्थाका बारेमा नियमित प्रतिवेदन लिई समीक्षा गर्ने विषयलाई प्राथमिकताका साथ निर्देशनमा समेटिएको छ । त्यस्तै कार्यसम्पादन अवस्था सन्तोषजनक नभएकाहरुलाई तत्काल पृष्ठपोषण, प्राविधिक सहायता आवश्यक भए उपलब्ध गराउने, मन्त्रालय वा मातहत कार्यालयलाई सेवाग्राही मैत्री बनाउन एवं कार्यप्रकिया सहज बनाउने गरी महाशाखा, शाखा, फाँट, सहायता कक्ष (हेल्प डेस्क), प्रतिक्षालयको व्यवस्थापन गर्ने विषय पनि समेटिएको छ ।

-बाँकी अन्तिम पेजमा...

### सक्षिप्त समाचार

## इरानी खानी दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या ५१ पुग्यो



**(रासस/एएफपी)**

**तेहरान,** असोज ६/इरानको पूर्वी क्षेत्रमा भएको कोइला खानी विस्फोटमा परी मृत्यु हुनेको सङ्ख्या ५१ पुगेको इरानको सरकारी सञ्चारमाध्यमले आइतबार जानकारी दिएका छन् । 'ताबास खानीमा भएको विस्फोटमा परी मृत्यु हुने कामदारको सङ्ख्या ५१ पुगेको छ भने घाइतेको सङ्ख्या २० पुगेको छ,' सरकारी समाचार संस्था इर्नाले जनाएको छ ।

यसअघि, पूर्वी इरानको एक कोइला खानीमा ग्यास चुहिएर भएको विस्फोटमा परी कम्तीमा ३० जनाको मृत्यु भएको र २० जनाभन्दा बढीको अवस्था अज्ञात रहेको इरानी अधिकारीले बताएका थिए । इरानको रेड क्रिसेन्टले खानीमा खोजी तथा उद्धार कार्य जारी रहेको र त्यहाँ केही कामदार फसेको जनाएको छ। खानीमा ग्याँस जमेकाले खोजी कार्य कठिन भएको जनाइएको छ ।

## आज अन्तर्राष्ट्रिय सांकेतिक भाषा दिवस

**पाल्पा,** असोज ६/आज विभिन्न कार्यक्रम गरी अन्तर्राष्ट्रिय सांकेतिक भाषा दिवस मनाइँदै छ । सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको पहिचान तथा सांकेतिक भाषाको महत्व, आवश्यकतालाई विश्वभर फैलाउने उद्देश्यले हरेक वर्ष असोज ७ गते (सेप्टेम्बर २३) का दिन मनाउने गरिएको हो ।

संयुक्त राष्ट्र संघ (युएन) ले सन् २०१७ मा सांकेतिक भाषाहरूको दिवस मनाउने निर्णय गरेको थियो । युएनको उक्त निर्णयपछि सन् २०१८ सेप्टेम्बर २३ को दिनलाई सांकेतिक भाषाहरूको अन्तर्राष्ट्रिय दिवस मनाउन थालिएको हो । तथ्याङ्क अनुसार विश्वभर करिब ७ करोड मानिस सुनाइसम्बन्धी अपांगता भएका छन् । २०७८ को गणनाअनुसार नेपालमा ५१ हजार ३ सय ७३ नागरिकमा यस्तो खालको अपांगता छ । तथ्याङ्क विश्लेषणअनुसार नेपालमा ९ हजार ६ सय ५५ जनालाई सांकेतिक भाषा आवश्यक पर्दछ । संविधानको धारा ३२ (१) ले प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हकको प्रत्याभूति गरेको छ । जसअनुसार मातृभाषा, ब्रेललिपि र सांकेतिक भाषा प्रयोग गर्न सक्छन् । सबै सरकारी कार्यालयमा दोभासे र सांकेतिक भाषा प्रयोग गर्न सक्ने व्यक्तिको व्यवस्था हुनुपर्ने उल्लेख छ । भाषा आयोगले हालै सरकारलाई बुझाएको प्रतिवेदनमा ब्रेललिपि र सांकेतिक भाषा प्रयोग व्यवस्थाबारे यसअघि गरेको सिफारिस आंशिक रूपमा मात्र लागू भएको जनाएको छ । सांकेतिक भाषा तालिमको कमी भएको औंल्याएको छ ।

## विदेश पलायन रोक्न सामूहिक बंगुरपालन

**गल्याङ (स्याङ्जा),** असोज ६/स्याङ्जाको कालीगण्डकी गाउँपालिका-४ गोक्रुङका स्थानीयले सामूहिक बंगुरपालन गर्दै आएका छन् । विसं २०७७ मा २५ लाख लगानीमा गोक्रुङ सामूहिक कृषि फार्म खोलेर बंगुरपालन सुरु गरिएको थियो ।

स्थानीय रुकमाया रानाले विगतमा अज्ञात रोगले फार्मका करिब ५० वटा बंगुर मरेपछि लगानी डुब्ने डरले बंगुर पाल्न डराए पनि हाल कालीगण्डकी गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको सहयोगमा फेरि सामूहिक बंगुरपालन सुरु भएको बताईन् । चालीस जना सेयर सदस्य रहेको फार्ममा हाल बीउ उत्पादन गर्न ४० वटा धराने बंगुरका पाठापाठी र माउ बंगुर रहेका छन् । स्थानीय युवालाई विदेश पलायन रोक्ने उद्देश्यसहित सामूहिक रूपमा बंगुरपालन गरिएको रानाले जानकारी दिईन् । 'विदेश जान लागेका श्रीमानलाई गाउँमै रोकेकी छु । फार्मका बंगुर राम्रै भएका छन्', उनले भनिन् यो, 'बंगुर फार्म सामूहिक भए पनि फार्म प्रयोग गरेबापत हामीले



वार्षिक चार हजार ५ सय भाडा तिर्नुपर्छ । एक परिवारले पाँचवटासम्म माउ बंगुर राखेका छन् । पालिका र हेफरले उपचार, औषधि, तालिममा सहयोग गरेको छ ।' रानाले बंगुर पाल्न सके बजारको समस्या नहुने बताए । 'यहाँ धार्नीलाई नौ सय छ । गाउँमा बंगुर काट्दा मासु खोसाखोस हुन्छ । पाल्न सके बंगुरले नै आत्मनिर्भर बनाउने प्रशस्त आधार छन्', उनले भनिन् । कृषि र पशुपालनमा साढे तीन करोड बजेट कालीगण्डकी गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको कृषि तथा पशुपालनको माध्यमबाट गरिबी निवारण गर्ने र समृद्धि हासिल गर्ने लक्ष्य छ । संस्थाका कालीगण्डकी प्रमुख दीपक विश्वकर्माले गाउँपालिकाको दुई करोड ४५ लाख र हेफरको एक करोड पाँच लाखमा कृषि तथा पशुपालनका क्षेत्रमा काम भइरहेको बताए । गाउँपालिका र हेफरको संयुक्त साझेदारीमा विसं २०७९ चैत १७ गते आयोजना सुरु भएको थियो । 'हालसम्म एक सय २४ वटा साना खोर तथा बंगुर र बाख्राका तीन-तीनवटा नमूना खोर निर्माण गरेका छौँ । दुई सय ३० वटा बीउ बाख्रा र बीउका लागि एक सय ७० वटा बंगुरका पाठापाठी वितरण गरेका छौँ', विश्वकर्माले भने । यसैगरी १२ वटा भैंसी र तीनवटा गाई खरिदमा ४० हजार अनुदान, नश्ल सुधारका लागि २९ वटा समूहमा बोका वितरण, २७ वटा भकारो निर्माण, साझेदार फार्म तथा व्यक्तिका लागि १५ वटा चापकटर र १० किलो काँटा वितरण, मिर्मीमा डेरी स्थापनाका लागि सात लाख अनुदान, बेल्टारीमा घाँस स्रोत केन्द्र स्थापना गरिएको उनले जानकारी दिए । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बालविवाह रोक्न सहकार्य गरौं

विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बाल विवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बाल विवाह भनिएको छ । शारीरिक र मानसिकरुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागि उमेरको हदबन्दी तोकिएको हो । तर नेपालमा धेरै ठाउँहरुमा बालविवाह गर्ने/गराउने प्रचलन यद्यपी अहिले पनि कायमै छ ।

शिक्षित समुदायमा भन्दा चेतनास्तर कम भएका, आर्थिक सामाजिक रुपमा पछि परेका दलित, जनजाति, मुस्लिम जस्ता समुदायमा बढी पाइन्छ । यादव लगायत अन्य समुदायमा पनि धेर थोर समस्या छ । पाल्पामा पनि दलित, जनजाति समुदाय रहेको ठाउँमा अझै पनि बालविवाह गर्ने/गराउने चलन कायमै छ । जिल्ला स्वास्थ्य कार्यालय पाल्पाको तथ्यांक अनुसार पाल्पाका गर्भवती महिलामध्ये करिब १३ प्रतिशत बिहे गर्नका लागि नेपालको कानुनले तोकेको न्यूनतम उमेर २० बर्ष भन्दा कमका छन् । बितेका तीन आर्थिक बर्षमा १३ हजार ९ सय ९८ गर्भवती महिला मध्ये एक हजार ७ सय ८१ जना २० बर्ष मुनिका अर्थात् १२ दशमलव ७२ प्रतिशत रहेको पाइन्छ । यसले जिल्लामा अझै पनि बालविवाहको अवस्था कायमै रहेको प्रष्ट हुन्छ । बालविवाह कानुनी रुपमा अपराध हो । नेपालको कानुनले बालविवाहलाई गैरकानुनी मानेको छ । मातृ शिशु मृत्युदरको कारक मानिने बालविवाहको अत्यन्त गर्न आवश्यक छ । सानै उमेरमा विवाह गरिदिने प्रचलनले नेपालमा बालविवाह न्यूनीकरणमा चुनौती थपिएको छ । बालविवाह न्यूनिकरणका लागि सरकारी तथा गैरसरकारी तवरबाट विभिन्न प्रयासहरु नभएका हैनन् । तर, पनि ती प्रयासहरुले पूर्णता पाउन सकेका छैनन् । गैरकानुनी कार्यलाई रोक्ने र बालविवाह गर्ने गराउने अभिभावक समेतलाई कानूनको दायरामा ल्याउन सकिएको अवस्था छैन । सानो उमेरका बालिकाहरु स्वास्थ्य र मानसिक रुपमा समेत गर्भवती बन्न सक्ने अवस्थाका हुँदैनन् । सानै उमेरमा बालिका गर्भवती भएका खण्डमा आफू स्वस्थ्य रहन र बच्चा समेत स्वस्थ रुपमा जन्माउन नसक्ने भई गर्भवती आमा तथा बच्चाको समेत अकालमा नै मृत्यु हुन सक्छ । त्यसैले उमेर नपुगी, विवाह गर्ने केटाकेटी आपसमा राजी नभैकन, उनीहरु शारीरिक, मानसिक र व्यवहारिक रुपमा तयार नभैकन विवाह गरिदिनु हुँदैन । तसर्थ यस्ता खालका समस्याहरु समाधानका लागि बालविवाहको अन्त्य गर्न सरकार, नागरिक समाज, धार्मिक व्यक्ति तथा संस्थाहरू, समाजका नेताहरू र युवाहरूबीच सहकार्य हुन जरुरी छ ।

## Opinion @ Social Network

मेहेनत गर सफलताले सपना मात्रै होइन ,
टुटेका कैयौं सबन्धालाई पनि फिर्ता ल्याउन सक्छ ।
(गोमा सारुको फेसबुक स्टाटस https://www.facebook.com/Goma.Saru)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विचारका विशृङ्खलता र सांसारिक विचित्रता



**जगन्नाथ पन्त**

*सबै विषय सत्य सत्य कसैले पनि भन्दैन । भन्यो भने विखण्डन हुन्छ सम्बन्धमा । चाहे त्यो सम्बन्ध पारिवारिक, सामाजिक, राष्ट्रिय वा अन्तर्राष्ट्रिय होस् । हामी जे जति जानेका छौं त्यो एक थोपा बराबर हो । जो जानेका छैनौ त्यो महासागर बराबर छ ।*

शान्त देखिने मानिस पनि भित्र भित्रै उद्वेलित भएर हरक्षण सोचि रहेको हुन्छ । जुन समथर र समतल ठूला नदि सतहमा विस्तारै वगे पनि गहिराइमा तिव्र प्रवाहले वगे जस्तै । विभिन्न काल खण्डमा विद्वानहरुले व्यक्त गरेका भावनाका विचारहरु अनुकूल वा प्रतिकूल रुपमा कालान्तरमा जगतमा मानिसका मनले चिरफार गर्दै संश्लेषण गरि रहन्छ । हाम्रा परिवेशका घटना, काण्डहरु अहिले विशेष चर्चामा छन् । समर्थकपछि लागेको देखेर आफ्नो विचार सफल भएको ठानी मख्ख पर्नेले समर्थकलाई रनभुल्ल पार्दा रहेछन् तर पनि अनुयायी, समर्थक फसी रहन्छन्, विचित्र पाराले । कुन विचार कसले कहिले के प्रसंगमा भनेथे नाम र काल समय उद्दरण नराखी कुनै आनै सांचोमा पस्कने जमर्को गरेको छु । हुन सक्छन् कुनै विचार संयोगबस अरुको जस्ताको तस्तै परेका ,कुनै मिल्दाजुल्दा र कुनै विरोधाभाषी ।

हामी जे जति जानेका छौं त्यो एक थोपा बराबर हो । जो जानेका छैनौ त्यो महासागर बराबर छ । जन्मदा र मर्दा एक्लै हो भन्ने थाहा छ तर पनि आफन्तसँग, अरुसँगै जीउने चाहना हुँदो रहेछ जीवको **We don't see things as they are. We see them as we are.** जन्म हाम्रो वसमा छैन्, मृत्यु हाम्रो वसमा छैन् तर जन्म र मृत्युको बीचमा रहँदा आफ्नो भनी रहेका छौ, विचित्र छ । विना मुहूर्त जन्मेर जीवनभर शुभ मुहूर्तको चक्करमा चक्कर खादै विना मुहूर्त मर्छ मान्छे । कस्तो विचित्र छ । यो संयोग हो कि हामी कहाँ जन्मियौ,कुन देश, स्थान, कसको कोखमा, घरमा, जहाँ जे भाषा बोलिन्छ, जे धर्म, संस्कार छ त्यहि भयौं । समय र परिस्थिति कुनै पनि बखत बदलिन सक्छ, कसैको खराब समय र स्थितिका प्रति हेय नगर्नु,आफुलाई कसैको आवश्यकता पर्दैन भन्ने घमण्ड र सबैलाई आफु चाहिन्छ भन्ने भ्रम पनि उचित छैन् । सारा जगतलाई मित्र देख्दैमा सबै मित्र त हुँदैनन्, तर शत्रु भने तपाईं आफ्नो मनबाट समाप्त हुन्छन् । अरुले जसले तपाईलाई शत्रु मान्छ त्यसले तपाईलाई पीडा हुँदैन । शत्रु देख्नेलाई नै पीडा हुन्छ । कुभलो चिताउने कुरौटेहरुको सदा सम्मान भाव राख्नु, किनकि तपाईको अनुपस्थितिमा उसले तपाईको नामको चर्चा गरि रहेको हुन्छ । घाँटी खसखस गरो भन्दैमा पटुकीमा गाठो नपार्नु ।

जुन तत्वमा ध्यान दियो, त्यही तत्व सक्रिय हुन्छ र तुरुन्तै जीवनचर्यामा प्रवेश गर्न शुरु हुन्छ । यो मनोविज्ञानका साथै अलौकिक नियम पनि हो । यदि तपाईको मनले दु:खको स्मरण गर्छ भने सदैव दुखी बनाउँछ,सुखको स्मरण गर्छ भने सदा सुखी बनाउँदछ । अरुका आनन्दमा आनन्दित हुन सक्नु आध्यात्मिकता हो । अरुलाई आनन्द दिन सक्नु आत्माको फैलावट हो । तर अक्सर मान्छे अरुको दु:ख कष्ट पिडामा त दु:ख जचाउँछ तर अरुको आनन्दमा खुसी हुन नसक्दो रहेछ । त्यसैले त कोहि मर्दा समवेदना जनाउँछ,विरामी हुँदा दुख देखाउँदछ, धन सम्पति जोड्यो, पदमा पुग्यो, सफल भयो भने डाहाले मुरमुरिन्छ । सरापी रहन्छ । भलै ङिच्च गर्दै बधाई देओस् । हुन त स्यालको सरापले बाछो मर्दैन भन्ने उखान नै छ । कुनै दुष्टात्म छ भने त अरुको नोक्सानीमा आनन्दित हुन पनि वेर लगाउँदैन । चाहिए भन्दा बढी बाठो हुनु र निश्छल व्यक्तिसंगको छल पतनको द्वार हो । जति सिपालु शतरंगको खेलाडी भए पनि समुल नष्ठ हुन्छ । युद्धिष्टिरलाई पासामा कपट गर्दा कौरवको हालत जस्तै हुन्छ ।

***एक लोटा जल अनि मनमा हजारौं छल,***
***अनि कसरी हुन्छ समस्याको हल,***
***जे रोप्यो फल्ने त त्यहि हो फल,***
***चाहे दैनिक चढाऔं गंगा जल ।***

मानिस पाप गर्दा, अपराध गर्दा डराउँदैन् । पाप,अपराध खुल्ने डरले डराउदो रहेछ । मानिसको स्वभाव नै उसको भविष्य रहेछ । स्वभाव छल कपटको तर देखावटी रुप उपकारी भएपछि कलि आजको भोलि भने झै तुरुन्तै नांगिदो रहेछ । झुठलाई पनि विश्वास गर्ने सोझा मानिससँग झुठ बोलेपछि झुठ्को पटाक्षेप हुँदो रहेछ । लामो धागो र लामो जीब्रो अल्झिन्छ । जीब्रोले ख्याती कमाएकाहरु जीब्रोलाई लगाम दिन नसक्दा आफ्नै बोली नाग पास सावित हुँदो रहेछ । जीब्रो नसुध्रिएकाको जीवन सुध्रिदो रहेन छ । **Dislocate of words is as harmful as push the button and destory the world by nuclear bomb.** धोके वाजमा मीठो बोल्ने खुवी हुन्छ तर टिक्दो रहेन छ । ग्यारेन्टी त के वारेन्टी पनि नहुँदो रहेछ । न्याय र नीति लक्ष्मीका खेलौना हुन, धनले जसरी चाहो त्यसरी नचाउँछ भन्ने सधै कहाँ लागू हुन्छ र ?

आचारात् लभते आयु:, आचारात् लभते श्रीयम्, आचारात् कीर्ति प्राप्रोति, आचारमेव उत्तम: !! मोतीराम भट्ट तीस वर्ष मात्रै बाँचे तर अहिलेसम्म जीवित छन् । आदि जगद्गुरु शंकराचार्य बत्तिस वर्ष मात्र बाँचे तर युगौं युग जीवित छन् । वी.पी,गणेशमान, पुष्पलाल,मदन, कृष्णप्रसाद मरेर पनि जीवितै छन् । तर अहिलेका कतिपय जीवित भएर पनि आम मान्छेका नजरमा मरे सरह छन् । किनकि यी आफू र परिवारका लागि मात्र बाचेका छन् । जबकि जिम्मेवारी देशको वहन गर्ने पदमा छन् । भ्रमित, तर्सित, भयभित रुपमा बाचेका छन् । एक्लै हिड्न,डुल्न, बस्न, सकस छ । आचारण शुद्ध छैन भन्ने जनताले ठानेका छन् । अरु नभए पनि लक्ष्मीले जोगाउँछिन् भन्ने छ र त होला लक्ष्मीकै शरणमा छन् । यिनीबाट कसैले केही पाउन लक्ष्मी नै सुत्रधार छन् । लक्ष्मी थपिदिनेले पटक-पटक र रोजिरोजी अवसर पाएका छन् । लक्ष्मी कमाउ सापेक्ष धर्म बनेको छ । एकाध अपवाद बाहेक । धर्मको पैरवी गर्नेले गर्ने अधर्मी कार्य झन् छरपष्ट छन् । मानव सेवाको ध्येय देखाएर अर्काको खल्ती रित्याएर घाटा लाग्यो भनेर उन्मुक्त छन् । व्यापारका लागि गरेको कि पुण्यका लागि ? यहाँ सापेक्ष वा निरपेक्ष धर्मको कुरा गर्नेहरु सबै दिशाहिन प्रतित छन् । निरपेक्षहरु विदेश जाँदा पहिरन फेरेर मन्दिर दर्शन गर्छन्, स्वेशमा लाज मान्छन् । नेपाल हिन्दू धर्म देश हो भनेर घोषणा गर भन्नेले नित्य, नैमित्य पुजा गर्दैन, भजन कृतन गर्दैन । निरपेक्ष भन्नेले प्रमुख अतिथी बनेर दियो प्रज्वलन गर्छन् र मख्ख पर्छन् । उस्तै परे एक छिन भजनमा नाच्छन् पनि । जुन सुकै धर्मका नाममा कट्टरता हुन्छ नशालु पदार्थको लत जस्तै भनेर कार्लमाक्सले धर्मलाई अफिम भने । माक्सवाद, लेलिनवाद र माओवादलाई कम्युनिजम दर्शन र त्यसमा आस्था राख्नेलाई कम्युनिष्ट भनियो । राजावादी,अरु अरुमा आवद्ध पण्डित ,पुरोहितले भन्नु र कम्युनिष्टमा आस्था राख्ने बीच विचारको घनिभूत फरक छ । भोट कम्युनिष्टलाई, प्रचार पनि, कम्युनिष्ट संगठनमा आवद्धता पनि तर हिन्दू धर्मका पुराण, शास्त्र कथा वाचन । पुरोहित्याइँ पनि र सनातन हिन्दू राष्ट्र घोषणा गर पनि भन्ने । विचित्र छ । अनि यस्तोमा हिन्दू राष्ट्र भए के , नहुँदा के फरक हुने हो र ? आफ्नो धर्म मान्न संविधानले रोकेको छ र ? आफ्नो कुनै एउटा सानो गाउँलाई हिन्दू गाउँ घोषणा गरौं, जातिपाती, छुवाछुद, विभेद निर्मूल गर्न सफल भयौं भने बनाऔं हिन्दू राष्ट्र । संविधानमा नलेख्दैमा नेपाल हिन्दू राष्ट्र हो भन्न प्रतिबन्ध छैन् क्यारे । माक्सले कुनै धर्म मानेनन्, लेनिन कृश्चियन थिए, माओले तावो धर्म मान्थे रे, वीपी, जीपीले जनै लगाउदैनथे रे, वीपीले आफ्नो क्रिया नगर्नु भनेका थिए रे भन्ने सुन्थिम सानो छदा, हो होईन ? जानकारले भन्नु होला । नेपालमा कुनै पनि कम्युनिष्ट नेताले हिन्दू राष्ट्र हुनु पर्छ भनेको सुनिएको छैन । हुन त बहसमा आउला माक्सले भने जस्तो हाम्रा पार्टिले धर्मलाई नकारात्मक रुपमा लिएका छैनन् । व्यक्तिगत आस्थामा राप्रपा, काँग्रेस र कम्युनिष्टमा भेदाभेद छैन् । नामको पछाडी कम्युनिष्ठ जोड्नु बाध्यता हो, ब्राण्ड नेम हो नेकपा । तर पनि तपाईले भोट दिएकाले शपथ लिदा ईश्वरको नाममा भन्ने शव्द पढ्दैनन्, तर तपाई ईश्वर मान्नु हुन्छ । पुजा,पाठ मात्रै हो र शास्त्र, पुराण कहनु हुन्छ, होइन र ? हजुरको आस्था विश्वास, स्वतन्त्रताको उच्च कदर गर्दै अनुनय छ: कुन विचार प्राधान्यता हो ? चुनावी गठबन्धन हुँदा घात भयो भनेको पनि यसै विषयमा हो । कतिपयले भने कि म विहानै पुजा पाठ गरेर, चन्दन लगाएर उनलाई भोट दिन जाँदैछु जसले जिते पछि शपथ खादा ईश्वर शव्द बोल्ने छैनन् । अनि मतदान कक्षमा घण्टी बजाएर फर्के । त्यस्तै कतिले भने अनौ समाएर फर्के । यसको अर्थ मैले धेरै पछि मात्र बुझे । झुठो टिक्दैन, सत्य डग्दैन भन्ने उक्तिमा केहि न केहि दम अवश्य छ । मजदुरी गरेर, छाक काटेर जम्मा गरेको पैसा विरामी भएर उपचार गर्न पर्दा समेत फिर्ता माग्दा नपाएका कारण नाङगिएका केहि सहकारी उपरको कारवाही माग कसैलाई फसाउन जटिल देखाइएको होइन होला ।

मान्छेले दुख भुल्न सक्छ तर दुख दिनेलाई कदापी भुल्न सक्दैन । नकारात्मक सोच भएका मान्छेमा हरेक समाधानका लागि एक न एक समस्या हुन्छ । मुर्खता र विद्वत्तामा फरक छ । वुद्धिमताको सीमा हुन्छ तर मुर्खताको सीमा हुँदैन । बुद्धिमान संदेह गर्छ तर मुर्ख आत्म विश्वासी हुन्छ । हुन त यो संसारमा अरु वस्तु कमी छ मेरो भनेर मान्छेले भन्ला तर मेरो वुद्धि कम छ भनेर कसले पो स्विकारेको छ र । आफ्ना लागि सबै बाठा छन् । आफ्नो दोष कसैले देख्दैन, जुन दिन देख्छ अनि मात्र मान्छे मनुस्य बन्छ । सबै विषय सत्य सत्य कसैले पनि भन्दैन । भन्यो भने विखण्डन हुन्छ सम्बन्धमा । चाहे त्यो सम्बन्ध पारिवारिक, सामाजिक, राष्ट्रिय वा अन्तर्राष्ट्रिय होस् । विश्वासिलो त केवल घडी मात्रै हो, यसले नढाट्ने भएर त घडिको समय सबैले विश्वास गर्छन्, सूर्य,चन्द्र, ग्रह, नक्षत्र सबैको गति समयले हिसाव हुन्छ । क्षण भंगुर छ जीवन । तर हजारौं वर्ष बाच्ने चिन्ता गर्छ, जम्मा गर्ने कुचेष्टा गर्छ मान्छे । कम वस्तुका साथ जीउनु सबै भन्दा ठूलो दौलत हो भन्ने जसले बुझ्यो आनन्दित जीन्दगानी हुन्छ त्यसको । केहि पाउन दौडधुप गर्नु र केहि दिन दौडधुप गर्नुमा फरक छ । बुद्धले, रामले, कृष्णले, यशुले,मोहम्मदले, नानकले, महाविरले, अरु यस्तैले र उनका सच्चा अनुयायीको दौडधुप,ऋषि मुनी, महर्षीहरुको दौडधुप र हाम्रो दौडधुपमा फरक छ । केहि दिनका लागि दौडधुप गर्न सिकौ, लिनका लागि होईन । लिएर जम्मा गरेको कसले पो देहसँगै लगेको छ र ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आज धन खर्च बढ्नेछ । राजनैतिक कार्यमा बाधा आउनेछ । | **तुला** : आँटेको कार्य पुरा होला । राजनीतिक कार्यमा सफलता मिल्नेछ । |
| **वृष** : शुभारम्भको चर्चा चल्नेछ । अतिथिको रूपमा सत्कार पाइएला । | **वृश्चिक** : शुभकार्यको चर्चा चल्नेछ । मित्र जनबाट साथ सहयोग मिल्ने देखिन्छ। |
| **मिथुन** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । धर्मकर्ममा मन लाग्नेछ । | **धनु** :मानसिक चञ्चलपनले पेशागत हानी हुनेछ, तर आफन्तले साथ भने दिनेछन् । |
| **कर्कट** : लाभदायक यात्रा हुनेछ । परिवारसँग रमाइलो भेटघाट हुनेछ । | **मकर** : शुभ समाचार सुन्न पाइएला। ब्यापार व्यवसायबाट आम्दानी हुनेछ । |
| **सिंह** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । गरेका काममा ढिलासुस्ती हुनेछ । | **कुम्भ** : आफन्तको सहयोग प्राप्त हुनेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कन्या** : चिताएको कामले तीव्रता लिनेछ। साथीभाइबाट हौसला प्राप्त हुनेछ । | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। धर्म र आस्था बढ्नेछ । |

## शिक्षा

# शिक्षा र शिक्षकमा अपरिहार्य समयसापेक्ष परिवर्तन

**सत्य राम कासिछ्वा**



शिक्षा मानव विकासको प्रमुख आधार हो । चरित्रवान् तथा नैतिक स्वरोजगार, सबल र सक्षम जनशक्ति, सीपमूलक र व्यावसायिक तथा मानव अधिकारको सही उपयोग गर्ने शिक्षाको विकासमा हरेक सरकारले विशेष जोड दिएको हुन्छ । शिक्षाले नै वस्तु तथा सेवाको उत्पादन र सम्भावनाको बाटो खोल्ने भएकोले शिक्षाको विकास अनिवार्य मानिन्छ । समय र प्रविधिको विकासअनुसार शिक्षालाई व्यावहारिक र जीवनोपयोगी बनाउन राज्यले लगानी गरी विशेष ध्यान दिनु अनिवार्य छ । गुणस्तरीय शिक्षाको विकासका लागि शिक्षाविद् तथा शिक्षक संगठनले कुल बजेटको ३० प्रतिशतसम्म रकम छुट्याउन माग र तर्क गरिरहेका छन् । हरेक वर्ष शिक्षामा विनियोजन गरेको कुल रकमको ९० प्रतिशत शिक्षकको तलब तथा सेवा सुविधामा खर्च गरे पनि शैक्षिक उपलब्धिको स्तर झन्झन् खस्किएको छ । यस्तो हुनुको मुख्य कारण ग्रामीण क्षेत्रका शिक्षकहरूले विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि न्यून खर्च दिइनु, उपयुक्त कक्षाकोठा, पुस्तकालय तथा शौचालय र खेलमैदानको अभावलाई लिएको पाइन्छ ।

शहरी क्षेत्रमा आवश्यकताअनुसार खेलमैदान नहुँदा भएको विद्यार्थीले समेत मेहनत नगर्नाले विद्यार्थीहरूको सिकाइ प्रभावित भएको भन्ने शिक्षकहरू पनि रहेका छन् । संघीय गणतान्त्रिक व्यवस्थामा समेत शिक्षाक्षेत्रका स्वार्थ समूह र संगठनका कारण आजको शिक्षा नीति पनि २०२८ सालकै वरिपरि घुमिरहेको छ । शिक्षालाई समयसापेक्ष बनाएर उत्पादनशील, व्यावसायिक र सीपमूलक बनाउनेभन्दा पनि जुनसुकै क्षेत्र वा विषय अध्ययन गरेका शिक्षकको रूपमा नियुक्त वा परिचालन गर्ने परिपाटी आज पनि यथावत् छ । शिक्षकले आफ्नो सेवा सुविधा सहजरूपमा पाउन पनि राजनीतिक दलको झन्डा बोक्ने प्रवृत्ति बढ्दो छ । यता विद्यार्थीले पनि प्रभावकारी सिकाइ के कसरी गर्न सकिएला भनेर विचार मन्थन गर्दै शिक्षणको लागि आवश्यक स्रोत सामग्री जुटाउन अग्रसर भएमा वा समय खर्चेमा शिक्षकलाई राजनीति गर्ने अवसर नै प्राप्त हुँदैन । नेपालमा विसं २०१३ भदौ २४ गते नै 'कलेज अफ एजुकेसन' स्थापना भई घुम्ती शिक्षक तालिमको सुरुआत भएको हो । यही सिलसिलामा विज्ञान, गणित तथा अंग्रेजी विषयको शिक्षक दुर्गम क्षेत्रमा नपाउने अवस्थामा त्रिभुवन विश्वविद्यालयले धेरै समयपछि जुनसुकै विषय वा क्षेत्रको लागि शिक्षक बन्न सकिनेगरी एकवर्षे बीएडको कक्षा सञ्चालन गरेको थियो । आज त्यसैको दुरुपयोग गरेर जोकोहीले लाइसेन्स र नियुक्ति पाउने अनि सुगम वा घरपायकमा सरुवा हुन खोज्ने प्रवृत्ति बढ्दा शिक्षाको माध्यमबाट कसरी देशको विकास र समृद्धि होला ? व्यक्तिगत स्वार्थ पूरा भई वैयक्तिक समृद्धि भएमा देश आफैँ विकास हुने सोच भएका व्यक्ति शिक्षक हुने व्यवस्था रहेसम्म देशले कुनै पनि क्षेत्रमा परिवर्तन गर्न सक्दैन । आज दुर्गम क्षेत्रको लागि व्यवस्था गरिएको एकवर्षे बीएड गरी लाइसेन्स र नियुक्ति पाएका शिक्षकहरू सुलभ र सहज ठाउँमा सरुवा हुने प्रक्रियाले गणित, विज्ञान र अंग्रेजी विषयका शिक्षकको आवश्यकताको दर्जनौंपटक विज्ञापन दिँदासमेत अभाव हुन गएको हो । यस्तो अवस्थामा समेत शिक्षक महासंघलगायत अन्य राजनीतिक दलका शिक्षक संगठनका पदाधिकारीहरू आफ्नो आसेपासे र कार्यकर्ता तथा आफन्तलाई देशको सेवाभन्दा पनि स्वार्थ पूरा गराउन केन्द्रित देखिन्छन् । विभिन्न देशको सरकारी तथा गैरसरकारी संस्थाले उपलब्ध गराउने आर्थिक सहयोग तथा ऋण अनुदानको आधारमा विभिन्न किसिमका शिक्षक नियुक्ति गरिँदा आज विद्यालयमा १७ थरीका शिक्षक छन् । यसमा शिक्षाशास्त्रको उत्पादनबाहेक राजनीतिक दलको शिक्षक संगठनका पदाधिकारी नजिकका आसेपासे, कार्यकर्ता तथा आफन्त नियुक्ति भएका छन् । जसको आजसम्म खोजनीति सरकारले गर्न सकिरहेको छैन । बरु तिनीहरूलाईसमेत दरबन्दी कायम र मिलान गर्नुपर्ने माग उठाइरहेका छन् । सरकारले तिनीहरूको मागलाई सम्बोधन गर्नुभन्दा पनि विशुद्ध शिक्षाशास्त्रका उत्पादनलाई शिक्षकको दरबन्दीमा रूपान्तरण गरेर शिक्षालाई व्यावहारिक र जीवनोपयोगी बनाउने नीति कार्यान्वयन गर्नुपर्छ । विद्यालय सञ्चालनमा प्रशासनलगायत अन्य व्यवस्थापनमा अति महत्त्वपूर्ण भूमिका हुने विभिन्न किसिमका कर्मचारीलाई आवश्यक परीक्षासहित दरबन्दी सरह सेवासुविधा दिनु आवश्यक छ । विद्यार्थीहरूको शारीरिक, मानसिक तथा सामाजिक वृत्ति विकासमा सहयोगी भई ईसीडी, बालविकास, मन्टेश्वरी तहमा शिक्षण गर्ने शिक्षकहरूको तलब अन्य तहको भन्दा बढी हुनुपर्छ । सरकारले नि:शुल्क शिक्षाको नाउँमा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लागि उपलब्ध गराएको विद्यार्थीको दिवाखाजा स्वरुप प्रतिदिन रू. १५ आजको महंगीको समयमा निक्कै अपुग छ । केही स्थानीय पालिकाले त्यसमा केही रकम थपेर विद्यार्थीको दिवा खाजालाई सहज बनाइदिएका छन् । तैपनि कक्षा १ मा भर्ना भएका सबै विद्यार्थी कक्षा १० सम्म पुग्न सकिरहेका छैनन् । घरमा मीठो खानेकुरा खान नपाउने कतिपय विद्यार्थी सरकारले उपलब्ध गराएको दिवाखाजामा लोभिएर विद्यालय जाने गरेकोसमेत देखिन्छ । शिक्षक समयसापेक्ष परिवर्तन भइरहनु आवश्यक छ । एकपटक परीक्षा उत्तीर्ण गर्दैमा ऊ आजीवन वा सधैंका लागि योग्य र सक्षम हुन्छ भन्ने ठान्नु मूर्खता हो । विश्वमा बदलिरहने सूचना प्रविधिले आजको समयमा नयाँ पुस्ता अगाडि बढेको हुन्छ । सिकाइ प्रभावकारी, गुणस्तरीय बनाउन तथा बढुवा र ग्रेडवृद्धि चाहने शिक्षकहरूले समयसमयमा परीक्षा दिई रहनुपर्छ । लामो समयसम्म एउटै तहमा अध्यापन गर्नुपर्ने व्यवस्था हटाउन हरेक ३ वर्षको परीक्षा लगातार ३ पटक उत्तीर्ण भएमा तीन ग्रेड वृद्धिसहित अनिवार्य बढुवा हुने र परीक्षा उत्तीर्ण नभए बिदा हुनुपर्ने र फेरि परीक्षा दिई उत्तीर्ण हुन पाउने व्यवस्था गरिनुपर्छ । त्यसमा पनि लगातार ३ पटक उत्तीर्ण भएमा ३ ग्रेडवृद्धिसहित अनिवार्य बढुवा गरिनुपर्छ । बढुवा भए पनि प्रत्येकपटक परीक्षा उत्तीर्ण भएमा १ ग्रेड वृद्धि पाउने नभए बिदा दिनुपर्ने प्रावधान हुनुपर्छ ।

*-बाह्रखरी डटकम*

> *विभिन्न देशको सरकारी तथा गैरसरकारी संस्थाले उपलब्ध गराउने आर्थिक सहयोग तथा ऋण अनुदानको आधारमा विभिन्न किसिमका शिक्षक नियुक्ति गरिँदा आज विद्यालयमा १७ थरीका शिक्षक छन् । यसमा शिक्षाशास्त्रको उत्पादनबाहेक राजनीतिक दलको शिक्षक संगठनका पदाधिकारी नजिकका आसेपासे, कार्यकर्ता तथा आफन्त नियुक्ति भएका छन् । जसको आजसम्म खोजनीति सरकारले गर्न सकिरहेको छैन । बरु तिनीहरूलाईसमेत दरबन्दी कायम र मिलान गर्नुपर्ने माग उठाइरहेका छन् । सरकारले तिनीहरूको मागलाई सम्बोधन गर्नुभन्दा पनि विशुद्ध शिक्षाशास्त्रका उत्पादनलाई शिक्षकको दरबन्दीमा रूपान्तरण गरेर शिक्षालाई व्यावहारिक र जीवनोपयोगी बनाउने नीति कार्यान्वयन गर्नुपर्छ । विद्यालय सञ्चालनमा प्रशासनलगायत अन्य व्यवस्थापनमा अति महत्त्वपूर्ण भूमिका हुने विभिन्न किसिमका कर्मचारीलाई आवश्यक परीक्षासहित दरबन्दी सरह सेवासुविधा दिनु आवश्यक छ ।*

# किन जटिल हुँदैछ पूर्वप्राथमिक शिक्षा ?

**प्रविज्ञ रेग्मी**

पहिले प्रारम्भिक बाल्यकाल र शिक्षालाई सहजै लिइन्थ्यो । केटाकेटीलाई हुर्काउनु र सिकाउनु सरल प्राकृतिक क्रममा आउँथ्यो । तर आज यो सबै परिवर्तन भएको छ । किन जटिल हुँदैछ पूर्वप्राथमिक शिक्षा?अहिले प्रारम्भिक बाल्यकाल र शिक्षा जटिल हुँदै गएको छ । आजभन्दा केही दशक अघिका र हालका पूर्वप्राथमिक तह अनौपचारिक क्षेत्र भए पनि यिनका शैक्षिक पहुँच जटिलतम हुँदैछन् । किन यस्तो भइरहेको छ ? यसका निहितार्थ के होलान् ? सन्तुलित बालविकास कस्तो हुन्छ ? प्रि-स्कुल र बालशिक्षालाई अब सहज रूपमा लिन सकिन्छ वा सकिँदैन ? प्रारम्भिक शिक्षाको विषय हाल स्कुलको मात्र प्रत्यक्ष चुनौती रहेन । अहिलेको समाजमा अभिभावकत्व पनि कठिन हुँदै गएको छ र अभिभावकले पनि यी परिवर्तन स्वीकार गर्नुपर्ने दबाब सिर्जना हुँदै गएको छ । त्यस अनुसार कुनै समयमा खासै नसुनिएका अभिभावक शिक्षाका कार्यक्रम पनि क्रमश: देखा पर्न थालेका छन् । यो लेखमा यिनै पेचिला कुराहरूको आधारभूत छलफल तीन पाटाहरूमा गर्नेछु । पहिलो पाटोमा सानो सैद्धान्तिक पृष्ठभूमि छ । भविष्यवादी चिन्तक अल्भिन टोफ्लरको प्रकाशित एक रोचक पुस्तक भविष्यका झट्का (फ्युचर सक) ले समाजशास्त्रसँग ठाडो सम्बन्ध राख्छ । उनी भन्छन् – द्रुत गतिमा परिवर्तन भइरहेका विज्ञान, प्रविधि, सामाजिक गतिशीलता, आर्थिक, सांस्कृतिक परिवर्तनले हामीलाई झट्का दिनेछन् । किनभने, हामीले सोचेभन्दा छिटो र परिवर्तनसँग अनुकूलित हुन नपाउँदै समाजशास्त्रीय गतिले ल्याएको रूपान्तरणले हामीलाई दिग्भ्रमित पार्नेछ । पूर्वप्राथमिक शिक्षालाई यसको एक उदाहरणका रूपमा लिन सकिन्छ । टोफ् लर भन्छन् – यस्ता परिवर्तनहरू भविष्यले गरेका समसामयिक आक्रमण हुन् र यिनलाई हामीले गर्ने प्रतिक्रियाले हाम्रो भविष्य निर्धारण गर्नेछ । मनोवैज्ञानिक युरी ब्रोनफेनब्रेनरको परिस्थितिक प्रणाली ( इकोलोजिकल सिस्टम्स थ्योरी) मा भन्छन् – बालबालिकाको विकासलाई उनीहरू रहेको वातावरणका पाँचवटा तहले प्रभावित गर्छन् । पहिलो तहमा परिवार र स्कुलले बालबालिकामा पार्ने प्रत्यक्ष प्रभाव छन् । यी पाँच सामाजिक तहहरूमा सामाजिक, आर्थिक र अन्य बाह्य विश्व सन्दर्भहरूका कारण परिवर्तन आउँछ । यसले गर्दा बालबालिकाका शिक्षाका प्रारूप र अभिभावक दायित्व स्वत: परिवर्तित हुन्छन् । यसले दीर्घकालीन प्रभाव गर्छ, शैक्षिक उन्नयन र मानव विकासमा सघाउ पुर्‍याउँछ । अहिले ती तहको गतिशीलतालाई शिक्षाले विविध पक्षबाट सम्बोधन गर्न खोज्दा पनि पूर्वप्राथमिक शिक्षा जटिल बनेको हुन सक्छ । फ्रबेलको किन्डरगार्टेनबाट सुरू भएको बाल शिक्षा मन्टेसोरी, स्टाइनर, रेजीयो इमिलिया, हाइस्कोप हुँदै परिमार्जित इमर्जेन्ट जस्ता अन्य थुप्रै अवधारणाले पूर्वप्राथमिक शिक्षालाई आम मानिसले सजिलै बुझ्न र समात्न नसकिने बनाएको छ । यसको टुप्पा र हाँगाबिँगा अझै झाँगिदै छन् । यति मात्र होइन, प्रारम्भिक बाल विकासका सिद्धान्त, प्रगतिशील शिक्षामा भइरहेका बृहत् अनुसन्धान, यसबाट प्रकट भएका ज्ञान क्षेत्रले दिएका अनेक विकल्पले पूर्वप्राथमिक शिक्षाको क्षेत्रलाई विस्तृत बनाएको छ । यसबाट पनि जटिलता र व्यावहारिक कार्यान्वयनका चुनौती थपिएका छन् । यसले शिक्षा क्षेत्रमा एक खरो प्रश्न सिर्जना गर्छ – हामीले प्रारम्भिक शिक्षालाई जटिल बनाउनुपर्छ कि सरलीकरण गर्नुपर्छ ? यो प्रश्न मैले पाठक समक्ष नै राखेँ । दोस्रो पाटोमा, हालसम्मका अनुसन्धान र खोजले प्रारम्भिक बाल्यकाल विकास र शिक्षामा निर्क्यौल गरेका आधारभूत विचारहरू र यसको सन्तुलन सम्बन्ध हेरौं । प्रारम्भिक शिक्षालाई चार प्रमुख घटकको सन्तुलन मानिन्छ – शारीरिक, संज्ञानात्मक, भाषिक-सामाजिक तथा भावनात्मक विकास । यदि हामीले कुनै पनि पूर्वप्राथमिक शिक्षाका कार्यक्रमलाई गहिरिएर हेरेमा तिनैलाई फरक किसिमका दर्शन वा दृष्टिकोणका आधारमा संयोजन गरिएको हुन्छ । त्यसैले हरेकका प्रक्रिया, शिक्षणपठन शैली, शिक्षक भूमिका र लक्ष्य फरक हुन्छन् । उदाहरणका लागि, मरिया मन्टेसोरीले बालबालिकाको जिज्ञासा र प्राकृतिक स्वनिर्देशनलाई आधार मानेर शिक्षा दिनुपर्ने बताउँछिन् र त्यसका लागि सही वातावरण निर्माणमा जोड दिन्छिन् । लोरिस मालागुत्जीले प्रवर्तन गरेको रेजियो इमिलियामा बालबालिकालाई उत्सुक र क्रियाशील शिक्षार्थीको छवि मानिन्छ र उनीहरूको अभिरूचि र स्वभाव अनुरूप कार्यक्रम निर्माण गरिन्छ । उनको विख्यात कविता, बालबालिकाका सयौं भाषा (द हन्ड्रेड ल्यांग्वेजेज अफ चिल्ड्रेन) ले यस शिक्षालाई प्रेरित गरेको छ । उपर्युक्त दुइ विश्वमा चलेका शिक्षा कार्यक्रममा भिन्नता भनेको यिनको दार्शनिक पक्ष हो । मन्टेसोरी पहुँच वैज्ञानिक अवलोकन र व्यक्ति विकासमा आधारित छ भने रेजियो इमिलिया सामाजिक निर्माणवाद र सहकार्यमा । त्यसैले यी दुवैका पाठ्यक्रम बनावट, शिक्षक भूमिका र शैक्षिक वातावरण निर्माण फरक ढंगका छन् । रूडोल्फ स्टाइनरको शिक्षा अलि भिन्न छ र यसलाई वालडोर्फ शिक्षा भनेर पनि चिनिन्छ। रेजियो इमिलिया र मन्टेसोरीले बालबालिकाको नैसर्गिक स्वभाव र झुकावलाई शिक्षाको वास्तविक आधार मान्छन् । वालडोर्फले भने उनीहरूलाई आत्मिक सत्ताको स्वरूपमा देख्छ र त्यसैअनुरूप उमेरगत विकासात्मक कार्यलाई आधार राखेर शिक्षण कार्यक्रम बनाउँछ । वालडोर्फ शिक्षामा कल्पनाशीलतालाई प्राथमिकता दिइन्छ । फरेस्ट (वन) स्कुलको अवधारणा पनि रोचक र त्यत्तिकै प्रभावशाली छ । विशेष गरी स्क्यानडिनेभियन देशहरूमा यो प्रचलनमा छ । डेनमार्कबाट सुरू भएको यो प्रणालीले प्रकृतिलाई आधार मान्छ र शिक्षा प्रक्रियालाई निर्दिष्ट गरी कक्षाकोठा भन्दा बाहिर खुला प्रकृतिमा समय खर्चिन लगाउँछ । यस शिक्षामा संज्ञानात्मक क्षमता अभिवृद्धिसहित सामाजिक खुबी, आत्मविश्वास, बालबालिकाको खुसी इत्यादि केन्द्रमा राखिन्छ । यीबाहेक खेलमा आधारित, खुसीपूर्ण सिकाइ र सामान्यीकरण गरिएको किन्डरगार्टेन इत्यादि जस्ता शिक्षण विधिमा आधारित कार्यक्रमहरू पनि अभ्यासमा छन् । यहाँसम्म उल्लिखित अवधारणाहरूले विद्यार्थी केन्द्रित शिक्षण र सर्वागीण विकासमा जोड दिन्छन् र तिनका विधि प्रयोगमा ल्याउँछन् ।यी सबै प्रगतिशील शिक्षाकै विभित्र रूपहरू हुन् । बालविकासका प्रगतिशील अवधारणा र सिद्धान्तलाई आधारमा बनेका थुप्रै फ्रेन्चाइज पनि छन् । व्यापारका लागि बनाइएका यी बालशिक्षाका खाकाहरूको आफ्नो मौलिकता भने लगभग शून्य हुन्छ । यी व्यापारिक प्रतिष्ठानहरूले अनुसन्धानबाट प्राप्त तथ्यहरूलाई र स्कुलहरूसँगको सहकार्यबाट भएको अनुभव र विधिशास्त्रका प्रक्रियालाई आधार राखी आफ्नो कार्यक्रम वा पाठ्यक्रमको नामकरण एवं ब्रान्डिङ गर्छन् । पूर्वप्राथमिक स्कुलहरूलाई त्यसैअनुरूप तयारी शैक्षिक योजना आपूर्ति गर्छन् । तेस्रो पाटोमा हाम्रो परिप्रेक्ष्य उल्लेख गर्छु । हामीले पूर्वप्राथमिक स्कुललाई मन्टेसोरीको नामले पनि चिन्छौं । त्यहाँ मन्टेसोरी विशेष सिद्धान्तका अभ्यास नभए पनि विभिन्न किसिमका बाल क्रियाकलापका आधारमा शिक्षण गराएको पाइन्छ । स-साना बालबालिकालाई एक स्वतन्त्र व्यक्तित्वका रूपमा आदर गर्नुपर्ने मान्यताका आधारमा उनीहरूलाई तपाई वा हजुर भनिएको पनि पाउँछौं। बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा शिक्षित गरिनुपर्छ भन्ने सकारात्मक विश्वास गहिरिँदै गएको पाइन्छ । प्रगतिउन्मुख हाम्रा धेरै पूर्वप्राथमिक स्कुलमा पनि केही मूलभूत समस्या छन् । ती समस्याका जड हाम्रो आफ्नै सामाजिक बनावट र परम्परागत शिक्षा प्रणालीको प्रभाव हुन् । शैक्षिक समस्या मूलत: स्कुलले बालबालिकाका विकासात्मक चरण र आवश्यकतालाई कार्यक्रममा सम्बोधन गर्न नसक्दा उत्पन्न भएका हुन्छन् । यो भनेको माथि उल्लिखित संज्ञानात्मक, शारीरिक, सामाजिक, भावनात्मक र भाषिक चार घटकको सही सन्तुलन नहुनु हो । उदाहरणका लागि, कक्षामा बौद्धिक विकासलाई केन्द्रमा राखेर अभ्यास पुस्तिकामा धेरै काम गराइन्छ । यसले गर्दा शारीरिक विकासका लागि खेलकुदको समय अपर्याप्त हुन्छ । प्रयोगमा आएका विधिहरू मिसमास हुन्छ । सामाजिक-भावनात्मक विकासका पक्ष उपेक्षा गरिन्छ । 'फिनिक्स' मा कम ध्यान दिइने, औपचारिक शिक्षाको तयारीका नाममा रटाएर पढाइन्छ । इत्यादि । यसका साथै परिवर्तित समाज र नयाँ पुस्तामा आज र भविष्यको आवश्यकताको पूर्ण ज्ञान नहुनु पनि हो । हचुवामा विधिहरू मिश्रण गरिए बालबालिकाका विकासात्मक कार्यहरूको सन्तुलित रूपमा सम्बोधन हुँदैन । त्यस्ता पूर्वप्राथमिक शैक्षिक कार्यक्रमले बालविकास अवरूद्ध गर्छन् । अन्तिममा, प्रारम्भिक बालशिक्षाका समन्वयको आधारभूत प्रक्रिया छोटकरीमा उल्लेख गर्छु । यहाँ दिइएका सूचनालाई आधार मानेर त्यसका कार्यान्वयनका विशिष्ट पक्ष अध्ययन गरेर स्पष्ट भएपछि कार्यक्रमलाई पूर्णता दिन सकिन्छ । यी मूलभूत तथ्यहरू मात्र हुन । बालबालिकाको सर्वागीण विकासका लागि संज्ञानात्मक, शारीरिक, सामाजिक-भावनात्मक र भाषिक, यी चार घटकलाई मूल आधार राखेरै कार्यक्रम विस्तार गर्नुपर्छ । यसबाट बालशिक्षा 'होलिस्टिक' बन्छ । कार्यक्रमलाई पूर्णता दिन ती घटकका साथै सिर्जनात्मक क्षमता, विचार गर्ने तरिका, समस्या समाधानको खुबी, सांस्कृतिक जागरूकता र सिकाइ दृष्टिकोण जस्ता महत्त्वपूर्ण पक्ष पनि संयोजन गर्नुपर्छ । सामाजिक-भावनात्मक शिक्षालाई प्राथमिकतामा राखे, भावना पहिचान, स्वनियमका तरिका, सहकार्य र यिनकै नतिजालाई आधार गरेर परिभाषित शिक्षण गर्न सकिन्छ । अनुसन्धानद्वारा प्रमाणित प्रारम्भिक बालशिक्षाका सिद्धान्तको ज्ञान र अभ्यासले पूर्वप्राथमिक शिक्षामा आमूल परिवर्तन आउँछ । यस अन्तर्गत शिक्षक भूमिका, कक्षाकोठाको वातावरण र व्यवस्थापन, क्रमिक बालविकासको ज्ञान, अभिभावकको भागीदारिता, सिकाइ विधि इत्यादि छन् । बौद्धिक र संज्ञानात्मक विकासका लागि साक्षरताको शिक्षा प्रणाली विकास गर्न अत्यावश्यक छ । यसले बालबालिकाको भविष्यको शिक्षाको आधार तयार गर्छ । यसअन्तर्गत भाषा, आधारभूत विज्ञान, सामाजिक ज्ञान र अंकता (नूमेरेसी) पर्छन् । शारीरिक विकासका कार्यक्रमलाई पाठ्यक्रमकै अंशका रूपमा निर्धारण गर्न सकिन्छ । कला, संगीत, सिर्जनशील कार्यहरू र कक्षाकोठा बाहिरका क्रियाकलाप हचुवाका भरमा होइन, पाठ्यक्रमबाट निर्देशित गर्नुपर्छ । यी अवधारणाको व्यावहारिक प्रयोगले बालशिक्षा सन्तुलित र जीवन्त बन्ने छ । अभिभावकले पनि एक तथ्यको जानकारी लिनुपर्छ। प्रभावकारी पूर्वप्राथमिक स्कुल सञ्चालन गर्ने काम चुनौतीले भरिएको र श्रमसाध्य हुन्छ । स्कुललाई सबैको समन्वय र साथ आवश्यक हुन्छ । बालविकासको प्रमुख र संवेदनशील चरणहरू घरमै हुँदै हुँदै माध्यमिक शिक्षासम्म कायम हुन्छ । यो स्कुल र घरको सहकार्यले मात्र सफल बन्छ ।

*-सेतोपाटी डटकम*

# दसैं टीकाको उत्तम साइत ११ बजेर ३६ मिनटमा



**पाल्पा,** असोज ६/यस वर्ष विजया दशमीको साइत असोज २६ गते शनिबार बिहान ११ बजेर ३६ मिनटमा उत्तम रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । त्यस दिन बिहान ८ बजर ३३ मिनटमा देवी विसर्जन गरी ११ बजेर ३६ मिनटको साइतमा मान्यजनबाट देवीको प्रसादका रूपमा टीका लगाउन सकिने समितिले जनाएको हो ।

विजया दशमीको प्रसाद ग्रहण गर्दा पूर्वतर्फ फर्केर बस्नुपर्ने जनाइएको छ । यस वर्षको नवरात्र अर्थात् दसैं यही असोज १७ गते बिहीबारदेखि सुरु हुँदैछ । त्यस दिन बिहान ९:१६ बजे घटस्थापनाको साइत रहेको समितिले जनाएको छ । साथै असोज १८ गते शुक्रबार झण्डा फेर्ने (पश्चिम मोहडा) ९:१४ बजे, असोज २२ गते मंगलबार पचलीभैरव यात्रा, असोज २४ गते बिहीबार फूलपाती र श्री तुलजाभवानी यात्रा बिहान ७:११ बजे र स्थिरासन बिहान ८:४३ बजे साइत रहेको समितिले जनाएको छ । त्यसैगरी असोज ३० गते बुधवार अखिलबलीपूर्ति गर्नुपर्ने हुन्छ । यसै दिन कोजाग्रत पूर्णिमा मनाएसँगै यस वर्षको दसैं समापन हुनेछ । घटस्थापनाका दिन स्थापना गरिएको घडाबाट वैदिक विधिपूर्वक अभिषेक गरी विजयादशमीको टीका लगाइन्छ । आश्विन शुक्ल दशमीका दिनमा मनाइने विजयादशमी पर्व हर्षोल्लासका साथ मान्यजनबाट दुर्गा भवानीको प्रसादस्वरूप टीका, जमरा थापेर मनाइन्छ । दशैंका दिन नभ्याउनेले कोजाग्रत पूर्णिमासम्म मान्यजनबाट टीका ग्रहण गर्ने प्रचलन रहेको छ । मान्यजनबाट दुर्गाको प्रसादका रूपमा टीका ग्रहण गर्दा अन्य फूलका साथै घटस्थापनाका दिनमा वैदिक विधिपूर्वक राखिएको पहेँलो जमरालाई समृद्धिको प्रतीकको रूप मानी लगाउने गरिन्छ । असत्यमाथि सत्य र आसुरीशक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रूपमा मनाइने विजयादशमी बडादशैंको सबैभन्दा महत्वपूर्ण दिन हो । त्रेता युगमा भगवान् रामले असत्यको प्रतीक बनेका रावणमाथि विजय प्राप्त गरेकाले त्यही समयदेखि विजयादशमी मनाउन शुरु गरिएको धार्मिक विश्वास छ । यसैले दशैंको दिनलाई विजयको प्रतीकका रूपमा पनि लिइन्छ ।

# लुम्बिनी साहित्य संगमको पहिलो बैठक बुटवलमा




**बुटवल,** असोज ६/लुम्बिनी साहित्य संगमको पहिलो बैठक बुटवलमा बसेको छ । संगम गठन भएपछिको यो पहिलो बैठक हो ।

बैठकमा परिचयात्मकसँगै शुभकामना आदान-प्रदान गरिएको थियो । प्रमुख अतिथि तथा संस्थाका सल्लाहकार डा.घनश्याम परिश्रमीले नेपाली साहित्य क्षेत्रको विकासमा सशक्त ढंगले लाग्न संगमलाई आग्रह गरे । उनले अहिले थुप्रै साहित्य संघसंस्थाहरु खुले पनि प्रभावकारी ढंगबाट नेपाली साहित्यको विकास हुन नसकेको धारणा व्यक्त गरे । सोही अवसरमा विशिष्ट अतिथि एवं सल्लाहकारहरु, प्राध्यापक लक्ष्मीमा ज्ञवाली, राजनप्रसाद पन्त, डा.शंकर गैरे, डा. टंक पन्थ, संस्थाका उपाध्यक्ष डा. कृष्णराज डि.सी.,महासचिव तेजप्रसाद खनाल, सहसचिव मनबहादुर खत्री,कोषाध्यक्ष रमा पन्त, सदस्यहरु दीपक बराल,सरस्वती ज्ञवाली, शंकरप्रसाद आचार्य,सकुन्तला पौडेल, सदस्यहरु कमानसिंह विष्ट, विमला खानाल लगायतले सन्देश मूलक सल्लाह सुझावसहित रचना वाचन गरेका थिए । बैठकले अध्यक्ष भावना खनालले प्रस्तुत गरेको ११ बुँदे महत्वपूर्ण प्रस्तावहरु पारित गरेको छ । अध्यक्ष खनालको अध्यक्षता,महासचिव तेजप्रसाद खनालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# निर्देशनको कसीमा...

...यी निर्देशन मन्त्रालयका सचिवदेखि तल्लो तहका कर्मचारीमा र प्रदेश सरकारअन्तर्गतका जिल्लास्थित सरकारी कार्यालयमा लागू हुनेछ । मन्त्रालय र कार्यालयमा कर्मचारीले बाहनाबाजी गर्ने, काम नगर्ने, सेवाग्राहीको समस्या नसुन्ने, सम्बोधन नगर्ने जस्ता समस्या आउन नदिन र आर्थिक अनुशासन एवं मितव्ययिता कायम गर्न निर्देशन जारी गरिएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ ।

मुख्यमन्त्री आचार्यले मन्त्रिपरिषद् सदस्यहरुले पालना गर्नुपर्ने आचारसंहिता समेत यसअघी लागू गरिसकेका छन् । जिल्ला भ्रमणमा जाँदा आन्तरिक मामिला तथा कानुन मन्त्रालय मार्फत सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई भ्रमण कार्यक्रमबारे अग्रीम जानकारी गराउनुपर्ने, भ्रमण टोली सानो र भ्रमण खर्च मितव्ययी हुनुपर्ने, अनावश्यक र औचित्यहीन भ्रमण कार्यक्रममा संलग्न हुन नहुने, एक जिल्लामा एक पटकमा दुई दिन भन्दा बढी नबस्ने गरी व्यवस्था मिलाउनुपर्ने र उपलब्ध भएसम्म सरकारी अतिथि गृहको प्रयोग गर्नुपर्ने जस्ता कुरा आचारसंहितामा उल्लेख छ । अत्यावश्यक नपरी एक जिल्लामा महिनामा एक पटकभन्दा बढी भ्रमण गर्न नहुने, सरकारी कामको सिलसिलामा भ्रमणमा जाँदा भएको खर्चको विवरण सार्वजनिक गर्नुपर्ने, निजी प्रयोजनका लागि भ्रमणमा जाँदा मुख्यमन्त्रीलाई जानकारी गराई जान सकिने र त्यस्तो भ्रमणमा भएको कुनै पनि खर्च सरकारी कोषबाट भुक्तानी लिन नपाइने पनि उल्लेख छ । भ्रमणबाट फर्केपछि मुख्यमन्त्री समक्ष प्रतिवेदन पेश गरेपछि मात्र भ्रमण खर्च भुक्तानी लिनुपर्ने, सदाचारयुक्त व्यवहार गर्नुपर्ने उल्लेख छ ।

## खेलकुद समाचार

# बगंलादेशसँगको पहिलो टेष्ट भारतले जित्यो



**काठमाडौं,** असोज ६/ बङ्गलादेशसँगको पहिलो टेष्ट क्रिकेट भारतले जितेको छ । चेन्नईमा भएको पहिलो टेस्टमा भारतले बङ्गलादेशलाई २ सय ८० रनले हराएको हो ।

भारतले दिएको ५ सय १५ रनको लक्ष्य पछ्याएको बङ्गलादेश आज चौथो दिनको खाना समयअघि नै २ सय ३४ रनमा अलआउट भयो । उसका नजमुल होसाइन शान्तोले सर्वाधिक ८२ रन बनाए । भारतका रविचन्द्रन आश्विनले ६ विकेट लिए । दुई खेलको टेस्ट र तीन खेलको टी-२० क्रिकेट खेल्न बङ्गलादेश भारतको भ्रमणमा रहेको छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्य हालसम्मकै उच्च



**पाल्पा,** असोज ६/सुनको मूल्य हालसम्मकै उच्च भएको छ । स्थानीय बजारमा निरन्तर उकालो लागेको सुनको भाउ आइतबार हालसम्मकै उच्च बिन्दुमा पुगेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार तोलामा एक हजार सात सयले वृद्धि भई सुनले नयाँ किर्तिमान राखेको छ । शुक्रबार प्रतितोला एक लाख ५७ हजार एक सयमा कारोबार भएको छापावाला सुन बढेर एक लाख ५८ हजार आठ सय निर्धारण भएको छ ।

असोज १ गतेको तुलनामा यो मूल्यसूची अनुसार छापावाला सुन तोलामा दुई हजार एक सयले वृद्धि भएको छ । यस्तै, चाँदीको मूल्य तोलामा पाँचले वृद्धि भएको छ । शुक्रबार प्रतितोला एक हजार नौ सय १५ मा कारोबार भएको चाँदी आइतबारका लागि भने एक हजार नौ सय २० निर्धारण भएको छ । सुनको भाउले अझै बढ्ने क्रम जारी छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्नुको प्रमुख कारण नै अमेरिकाले ब्याजदर कटौती गर्ने सुनिश्चितता गर्नु हो । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।


# हार्दिक समवेदना

**आयो टप्प टिपी लग्यो मिति पुग्यो टारेर टार्दैन त्यो ।**
**इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो ।।**



जन्म
जन्म : २००४/११/ १९

स्व.देवेन्द्रबहादुर रायमाझी

दिवंगत
स्वर्गारोहण : २०८१/०६/०२

रायमाझी कूलदेवता तानसेन नगर समितिका सभापति, हाम्रा असल अभिभावक,सामाजिक व्यक्तित्व, एक कुसल राष्ट्रसेवक **देवेन्द्रबहादुर रायमाझीको** यही मिति २०८१ असोज २ गतेका दिन ७८ वर्षको उमेरमा भएको दुखद् निधनले यस समिति परिवार अत्यन्तै स्तब्ध भएको छ । साथै यस दुःखद् घडीमा दिवंगत आत्माको स्वर्गमा वास होस् भनी चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दै **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

खिमबहादुर रायमाझी
सचिव

एवं

चिना रायमाझी
उपाध्यक्ष

**रायमाझी कूलदेवता तानसेन नगर समिति तानसेन, पाल्पा परिवार**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com प्रा.जि.हु.द.नं. ५/२०४८/०४९, प्रा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई